२०६० । *मोफसलका पत्रकार: सर्वेक्षण प्रतिवेदन ।* काठमाडौं: मिडिया सर्भिसेज इन्टरनेशनल । मूल्य: रू. ७५ (संस्थागत रू.१५०) । पृष्ठ: ५२ ।

हिजोआज नेपाली पत्रकारिता क्षेत्र प्रतिस्पर्धी उद्योगको रुपमा स्थापित हुँदैछ । व्यावसायिक रुपमा यो क्षेत्र उर्वर र गतिशील बन्दैछ । यद्यपि नेपाली पत्रकारिताको आधारभूमिमा क्षेत्रीयस्तरका समाचारको भूमिका ठूलै भए पनि यो काठमाडौँ केन्द्रित छ । रोल्पा, रुकुम, भोजपुर, तेह्रथुम, बेनीका घटना दुर्घटनाका आडमा सरकार आफ्नो आयु थप्ने कोशिशमा लागिपरेको विगतका अनुभवले देखाएका छन् । यिनै क्षेत्रका समाचार र घटना काठमाडौंका अखबार, रेडियो र टेलिभिजनहरूमा ठूलाठूला समाचार बन्छन् र तिनको बिक्री बढ्छ, श्रोता बढ्छन्, दर्शक बढ्छन् । काठमाडौँ बाहिरको समाचार थाहा पाउन स्थानीय मानिसलाई केन्द्रको पत्रपत्रिका, रेडियो सुन्नुपर्ने बाध्यता अझै हटिसकेको छैन । यो क्रम कम हुँदो भने पक्कै छ ।

२००७ सालमा विराटनगरको 'प्रजातन्त्र नेपाल रेडियो' र २००८ मा वीरगञ्जबाट निस्केको *सेवा* पत्रिकामार्फत शुरु भएको क्षेत्रीय पत्रकारिताले करीब पचास वर्ष लामो

इतिहास बनाइसकेको छ । यसबीचका वर्षहरूमा धरानको *ब्लाष्ट टाइम्स* र बुटवलको *जनसंघर्ष* जस्ता पत्रिकाहरूले स्थानीय स्तरमा बलियो पहिचान बनाएका छन् । अधिराज्यका विभिन्न स्थानहरूमा निजी एफएम रेडियो स्टेशन स्थापना हुने क्रम पनि बढ्दो छ । तर केन्द्रका पत्रकारको तुलनामा हिजोआज राजधानी बाहिरका पत्रकारहरूको अवस्था बढी जोखिमपूर्ण छ । सरकारले उपस्थिति देखाउन नसकेका ठाउँमा पुगेर सूचना र समाचार फुत्काउनु परेको छ । यो जोखिमलाई दक्ष जनशक्ति, प्रविधि, अध्ययन सामग्री, यातायात जस्ता आधारभूत कुराको अभावले अझ चुनौतीपूर्ण बनाएको छ । यसरी जेनतेन चलिरहेको क्षेत्रीय पत्रकारिताप्रति चासो राखिएको भने कमै पाइन्छ । यद्यपि बिस्तारै अध्ययन अनुसन्धानका आँखा यता पनि केन्द्रित हुन थालेका छन् । नतिजा स्वरुप पछिल्लो चरणमा *मोफसलका पत्रकार: सर्वेक्षण प्रतिवेदन* देखा परेको छ । यो प्रयास काठमाडौंस्थित रत्नराज्य लक्ष्मी क्याम्पसका स्नातक तह द्वितीय वर्षमा पत्रकारिता अध्ययनरत विद्यार्थीबाट भएको हो । प्रतिवेदनलाई परिचय, विषय प्रवेश, भौगोलिक क्षेत्र, अप्ठ्याराहरू, तथ्याङ्क, समस्या सुझाव, सारांश, निष्कर्ष/सुझाव र अनुसूची गरी कुल ५२ पृष्ठमा समेटिएको छ ।

सधैं अरुका समाचार लेख्नेहरूको समाचार कस्तो होला ? यो प्रश्नको उत्तर केलाउन विद्यार्थीहरू देशका ६ वटा शहरमा पुगे- नेपालगञ्ज, बुटवल, पोखरा, वीरगञ्ज, विराटनगर र धनुकटा । यी प्रमुख ६ शहरका ५९ जना पत्रकारसँग ३५ जनाले प्रश्नावलीमा रहेका ३८ वटा प्रश्न सोधे, अनि यो प्रतिवेदन तयार भयो ।

पत्रकारिताको विकास भएको, यातायातका साधन पुग्ने र भौगोलिक, सामुदायिक प्रतिनिधित्व हुने आधारमा यी स्थानहरूको छनोट गरिएको देखिन्छ । ५९ जना उत्तरदाता छनोट गर्ने आधार के थियो भनी खुलाइएको छैन । प्रतिवेदनले समेटेको क्षेत्रको तुलनामा सानो स्याम्पल हो यो । तर लिइएको स्याम्पल संख्याबाट प्राप्त तथ्याङ्कलाई सामान्यीकरण गर्ने र त्यसैका आधारमा निष्कर्ष निकाल्ने आम चलन हो । अध्ययनका क्रममा जम्मा दुइजना (३.३८%) मात्र महिला पत्रकार उत्तरदाताका रुपमा फेला परेको प्रतिवेदनमा उल्लेख छ । यो प्रतिशत थोरै भएपनि यसअघि भएका अन्य अनुसन्धानले समेत महिलाको उपस्थिति यसकै हाराहारीमा देखाएकाले यसलाई अस्वाभाविक मान्न सकिँदैन ।

राजधानीका विद्यार्थी उपत्यकाबाहिर गएर अध्ययन गर्न तम्सिनु आफैमा सकारात्मक कुरा हो । 'फिल्ड'मै गएर तथ्यतथ्याङ्क खोज्नु र केस्राकेस्रा पार्नु राम्रो प्रयास हो । यस अध्ययनले पत्रकारबारे केही चाखलाग्दा तथ्य बाहिर ल्याएको छ ।

जस्तो मोफसलका पत्रकारहरूमा पारिश्रमिक वेगर १३.५५ प्रतिशतले काम गरिरहेको तथ्य प्रतिवेदनले उदाङ्गो पारेको छ । यसले पनि दर्शाउँछ त्यहाँको पत्रकारिताको अवस्था । यस बाहेक १५.२५ प्रतिशत काम गरिरहेकाहरू पनि नियुक्ति पत्र विना जागिरे छन् । यसो हुँदा मालिकले/प्रकाशकले चाहेको बेलामा सजिलै फालिने

अवस्था रहन्छ । श्रमजीवी पत्रकार ऐनको कुनै दफाले पनि नियुक्तिपत्र बिना नियुक्त गर्न नहुने उल्लेख गरेको छ । यस्तै पत्रकार आफैले (प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघ) बनाएको आचारसंहिता बारे थाहा नपाउनु भनेको आफूले गरिरहेको कामबारे नै अनभिज्ञ रहनु हो, जुन राजधानी बाहिरका पत्रकारमा रहेको प्रतिवेदनले उल्लेख गरेको छ ।

दैनन्दिन पत्रकारितामा संलग्न रहेपछि कुनै निश्चित क्षेत्रमा (विट)मात्रै यदी पत्रकारको 'एक्सपर्टिज'को उपयोग हुने हो भने त्यसले आफूले रोजेको विटमा राम्रा स्टेरीहरु उत्पादन/लेखन गर्न सक्छ । यो कुरालाई मोफसलका पत्रकारले स्वीकारेका छन्, जुन राम्रो संकेत हो । किनभने राजधानी बाहिर काठमाडौंका ठूला पत्रिकाहरूका जिल्लामा एउटा मात्र रिपोर्टर/समाचारदाता रहेको अवस्थामा तिनले सबै खालका समाचार पठाउनु परेको छ ।

हिजोआज राजधानीमा त पत्रकारिता गरेर आफू पालिन सजिलो होला तर बाहिर यो अवस्था छैन । त्यसैले त्यहाँका पत्रकारले आफूले गरिरहेको पेशा (पत्रकारिता) बाहेक अन्य काम खोज्नु परेको पनि उल्लेख छ । अरुका शोषण दमनका कथा लेख्दा पत्रकारहरू 'स्कुप स्टोरी' भनेर रमाउँछ तर जब आफै भोग्छन् त्यसले असन्तुष्टि त जन्माउँछ नै तर तिनका व्यक्त गर्ने माध्यम हुँदैनन् । विना पैसामा आफ्नो श्रमशोषण भएको यस्ता कथाहरू बेलाबेलामा हुने यस्तै अध्ययनबाटमात्र आउँछन् । यस्तै प्रकाशमा नआउने कुराहरू समेटेको हुनाले प्रतिवेदन चाखलाग्दो छ ।

प्रस्तुत प्रतिवेदनको सारांशमा राजधानीबाहिरका पत्रकारहरूले आर्थिक समस्या, सुरक्षा समस्या र केन्द्रमुखी सोचाइलाई प्रमुख समस्या मानेको उल्लेख छ । पत्रकारितासम्बन्धी तालिममा पत्रकारहरूले आफू संलग्न सञ्चारमाध्यमले चासो नदिएकाले सम्बद्ध संस्था र सरकारी भूमिकाको खाँचो औंल्याएका छन् । क्षेत्रीय पत्रकारिताको बिँडो पनि युवा पुस्ताले थामेको तथ्यले नेपाली पत्रकारितामा युवा पत्रकारहरूको पकड बढ्दै गएको सकारात्मक सन्देश पाइन्छ । यद्यपि महिलाको उपस्थिति भने न्यून छ ।

निष्कर्ष/सुझाव खण्डमा विद्यार्थीहरूले मोफसलमा पत्रकारिता गरेर मात्र बाँच्न गाह्रो भएकाले पत्रकारितासँगै अन्य पेशा पनि अपनाइरहेकाहरूको उल्लेख्य सङ्ख्या (३३%) रहेको देखाएका छन । यसकालागि पत्रकारहरूको आर्थिक अवस्था सुधार गर्न सरोकारहरूवालाले सोच्नु आवश्यक भएको सुझाव दिइएको छ । तर ती सरोकारवालाहरू को हुन त्यो भने प्रस्ट छैन । आर्थिक अवस्थामा सुधार नआएमा व्यावसायिकताका लागि नभई शोखका लागि मात्र पत्रकारिता गर्नेहरू (प्रतिवेदनकै तथ्याङ्क अनुसार २५.४२%) बढनसक्ने चिन्ता पनि सँगसँगै आएको छ ।

प्रतिवेदनको अनुसूचीमा दिएको प्रश्नावली अध्ययन गर्दा तपाईको योग्यता (शैक्षिक) कति हो ? भन्ने प्रश्नमा ६२.७१% ले स्नातक तह, २७.१% ले प्रमाणपत्र तह, ६.७७% ले

स्नातकोत्तर र ३.३८% ले खुलाएका छैनन् । अध्ययनार्थीहरू पत्रकारिताका विद्यार्थी भएकाले सोधेको प्रश्नको उत्तर त आयो तर कति साँचो प्रश्न सोचनीय नै छ । यी तथ्याङ्क कति सही छन् भनेर विभिन्न हिसाबबाट हामीले जाँच्न आवश्यक हुन्छ ।

यो उदाहरणलाई अघि सारेर सूचनामा बढाइचढाइ हुन्छ अथवा पत्रकारकै वास्तविक सूचना स्वयं तिनबाट पाउन गाह्रो हुन्छ भन्ने इङ्गित गर्न खोजिएको हो । क्षेत्रीय पत्रकारिताबारे मार्टिन चौतारीबाट प्रकाशित पुस्तक *क्षेत्रीय मिडियाः विगत र वर्तमान* (सन् २००२) मा उल्लेख भएका कुराहरू अध्ययन गर्ने हो भने पत्रकारका सूचना थाहा पाउन गैर पत्रकार या विरोधी पत्रकारहरूसम्म पुग्नुपर्ने हुन्छ । प्रतिवेदनको प्रश्नावलीमा पत्रकारितामा तपाईंको अनुभव कति छ ? तपाईंले पठाएको समाचार कसरी छापिन्छ ? जस्ता प्रश्नहरुको उत्तरमा अनुभवमा बढाइचढाइ (जस्तो एक वर्षमात्र काम गरेको अवधि भए पनि ५ वर्ष, ६ वर्ष भयो भन्दा त्यसको सत्यता परीक्षण गर्न गाह्रो छ) भएको अन्दाज गर्न सकिन्छ । यस्तै आफूले पठाएको समाचार जस्ताको तस्तै छापिन्छ भनेर ४९ प्रतिशतले उल्लेख गरेका छन्, यसको सत्यता पनि परीक्षण गर्न गाह्रो हुन्छ । क्षेत्रीय स्तरकै क्याम्पसका विद्यार्थी अध्यनार्थी हुँदाको अवस्थामा यो समस्या कम हुँदो हो तर अध्यनार्थी राजधानीको क्यापसका रहेको अवस्थामा यसको 'क्रस भेरीफिकेसन' गर्न सजिलो छैन ।

मिडिया अनुसन्धानमा सक्रिय एकजना साथीले पत्रकारहरूसँग अर्न्तवार्ता गरी आफ्नो लेखमा उहाँहरूको भनाइ उद्धृत गरेपछि केही पत्रकारहरूले भनेका थिए, "तपाईले हाम्रो भनाइ पुस्तकको लेखमा उल्लेख गर्नुहुन्छ (छाप्नुहुन्छ) भन्ने थाहा पाएका भए राम्रो उत्तर दिन्थ्यौं ।" यो रोग ती पत्रकारमा मात्र होइन अधिकांश सूचना दिनेहरूमा छ । यसले के देखाउँछ भने दिनदिनै अर्काका सूचना दिनेहरुमा समेत जब आफ्नो बारे सूचना/समाचार छापिन्छ, त्यतिबेला तिनको मनोविज्ञान पनि उस्तै हुन्छ, जस्तो समाचार/सूचना सम्प्रेषण भईसकेपछि समाचारबारे खण्डन हुन्छ ठिक त्यहिँ कुरा पत्रकार स्वयममा पनि लागू हुन्छ भन्न सकिन्छ । त्यसैले पनि यो चाखलाग्दो छ ।

प्रश्नावलीका ३८ वटा प्रश्नमध्ये ८ वटा प्रश्नका उत्तर पुस्तकमा कतै भेटिँदैनन् । जस्तो ती प्रश्नलाई हेरौं–आबद्ध भएको संस्थामा पत्रिका कति छापिन्छ, नाफा वा घाटा के छ, आफ्नो कार्यालय छ छैन, कम्प्यूटर छ छैन, पत्रिका कहाँ छापिन्छ, प्रेस आफ्नै छ छैन, रिपोर्टिङ्ग सामग्री के के, रिपोर्टिङ्ग सामग्री कार्यालयले उपलब्ध गराएको छ छैन ? यी प्रश्न महत्वपूर्ण हुन् तर यिनको जवाफ आएको छैन । पत्रकारितामा समाचारबारे एउटा परिभाषा जोडिन्छ - 'जे कुरा लुकाउन खोजिन्छ त्यो समाचार हो बाँकी सबै विज्ञापन हुन्' । यो भनाईलाई कोरा समाचारको परिभाषामा मात्र सीमित नराखी ती आठवटा प्रश्नसँग जोडेर हेर्दा प्रतिवेदन अपूरो भएको छ ।

अध्ययन अनुसन्धानको प्रारम्भमा सबैभन्दा पहिले पूर्व अध्ययनको आवश्यकता हुन्छ । तर प्रस्तुत सर्वेक्षणको भूमिकाले यो कुरालाई ध्यान दिएको देखिँदैन । प्रतिवेदनको

भूमिका (हाम्रो भनाइ) मा लेखिएको छ-'राजधानीमा बसेर यस्ता केही (क्षेत्रीय पत्रकारिताबारे) अध्ययन भएका पनि होलान् । तर सीमित साधन, स्रोत र सुविधाबीच पनि सूचना प्रवाहलाई पेशा बनाइरहेका क्षेत्रीय स्तरका पत्रकारहरूका विचार/धारणा के रहेछ भनेर खोज्ने प्रयास कतैबाट भएको देखिँदैन ।' यो भनाइ सही होइन । यस क्षेत्रमा केही काम अवश्य भएका छन् । बरु तिनको राम्रो या नराम्रो पक्षको विवेचना गरिनु जरुरी हुन्छ । तर नयाँ विद्यार्थीहरूमा समेत पूर्व अध्ययन/अनुसन्धानबारे कुनै खोज नगरी यत्तिकै केही भएको छैन भन्ने प्रवृत्ति देखिनु राम्रो सङ्केत होइन ।

क्षेत्रीय पत्रकारिताबारे पूर्व अध्ययनहरूलाई हेर्दा शेखर पराजुली र भास्कर गौतमद्वारा गरिएको दलित तथा जनजातिको स्थितिबारेको राष्ट्रिय सर्वेक्षणमा उपत्यका बाहिरका ७३ वटा प्रकाशन गृह समेटिएको थियो । यसको प्रतिवेदनस्वरुप एकता बुक्सबाट प्रकाशित पुस्तक *नेपाली मिडियामा दलित तथा जनजाति* (सन् २००१) मा क्षेत्रीय पत्रकारिताका केही पक्ष (प्रकाशक समूह, सम्पादक समूह र स्तम्भकार समूहको स्थिति) समावेश छ । यो बाहेक प्रेस काउन्सिल नेपालले वर्षेनी वार्षिक प्रतिवेदन निकाल्छ । जहाँ अधिराज्यभरिका पत्रपत्रिकाहरूको प्रकाशन स्थिति (नियमित/अनियमित) साथै अन्य पक्षबारे उल्लेख हुन्छ । यसले एक हदसम्म क्षेत्रीय पत्रकारिताको राम्रै परिचय दिन्छ । त्यस्तै, निजी क्षेत्रबाट बेलाबेलामा हुने गरेका अस्मिता महिला प्रकाशन गृह, मिडिया सर्भिसेज इन्टरनेशनलले पनि क्षेत्रीय पत्रकारितालाई आफ्नो अध्ययनमा समेटेका छन् । तर माथि उल्लेख भएका यी सबै अध्ययनको सन्दर्भ केन्द्रीय पत्रकारिता र नेपाली सामाजिक आन्दोलनसँग पनि राम्ररी जोडिन्छ । क्षेत्रीय पत्रकारितामा मात्रै आधारित *क्षेत्रीय मिडियाः विगत र वर्तमान* पुस्तक पनि छ भनेर माथि नै उल्लेख गरिसकिएको छ ।

प्रस्तुत प्रतिवेदनले यी सबै कुरा पन्छाएको छ । प्रतिवेदनमा सन् १९९६ मा प्रकाशित सर्वाङ्गिण विकास तथा अध्ययन केन्द्रको पुस्तक *जनसञ्चार र प्रजातन्त्रीकरणः नेपालको सन्दर्भमा एक अध्ययन*ले यति धेरै ठाउँ पाएको छ कि दस वर्षअघि (किनभने उक्त पुस्तक सन् १९९६ मा निस्के पनि अनुसन्धान चाहिँ सन् १९९३ मा भएको हो) को तथ्याङ्कलाई अहिलेको अवस्थासँग जोडिएको छ । दश वर्ष अघिका कामलाई आफ्नो तर्क र विश्लेषणको सन्दर्भमा प्रयोग गर्नु एउटा पक्ष हो । तर हुबहु उतार गरेर दश वर्षपछि केही लेख्नुले खासै अर्थ राख्दैन । अध्ययनमा अद्यावधिक तथ्याङ्क र जानकारी प्रयोग गर्न पछिल्लो समयमा भएका अध्ययनलाई प्रयोग गरी प्रभावकारी र बलियो बनाउन सकिन्थ्यो तर विद्यार्थीहरूले त्यसो गरेनन् । रत्न राज्य लक्ष्मी क्याम्पसका प्राध्यापकहरूले पनि विद्यार्थीहरूलाई अध्ययनका लागि राम्रो सल्लाह सुझाव नदिएकाले यस्तो भएको हुन सक्छ ।

अध्ययनार्थीले अध्ययनको अप्ठ्याराहरूबारे पनि उल्लेख गरेका छन् । एउटा खण्ड नै बनाएका छन् भोगेका अप्ठयाराबारे । यहाँ अध्ययनका लागि आवश्यक अर्थ सङ्कलनका

क्रममा नेपाली सिनेमा देखाएर पैसा उठाएकोदेखि बसमा ड्राइभरसँग गर्न नजानेको व्यवहारसम्म उल्लेख छ। विद्यार्थीहरूले यसलाई 'एक पन्थ दुई काज' को रुपमा प्रयोग गरे। अध्ययन पनि गरे र घुमे पनि। विद्यार्थीहरूको मूल अभीष्ट अध्ययन भए तापनि त्यो अध्ययन भ्रमण पनि भएको छ र यसैक्रममा भोगेका अप्ठ्यारालाई प्रतिवेदनमा व्यक्त गरिएको छ। यसरी अध्ययनसँगै गाँसिएको भ्रमणका केही अप्ठेराहरू पनि प्रतिवेदनमा समावेश गर्नु पारदर्शीताको राम्रो उदाहरण हो। जे होस् यस्ता खाले अध्ययन, अनुसन्धान भइरहे क्षेत्रीय पत्रकारिताले पनि सफल गोरेटो समात्ने कुरामा आशावादी हुन सकिन्छ।

**कोमल भट्ट**
मार्टिन चौतारी